लुम्बिनी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

सम्पर्क नं.: ०७१ ५७६५०६
ईमेल: vethosrupandehi@gmail.com
Website: rupandehi.vethos.gov.np

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

रुपन्देही

## प्रतिफलमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम संचालनका लागि प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०७९/१०/१३

सूचना नं. ०७/०७९/०८०

यस विज्ञ केन्द्र रुपन्देहीको आ.व. २०७८/७९ को स्वीकृत बार्षिक कार्यक्रम प्रतिफलमा आधारित प्रोत्साहन अनुदान **"कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधि, २०७९"** बमोजिम संचालन गरिने भएकोले सो कार्यक्रममा सहभागी हुन वा आफू मातहतका सदस्य कृषकहरुलाई संलग्न गराउन इच्छुक नियमानुसार दर्ता भएका समुह/सहकारी/कम्पनी/निजी डेरी/निजी उद्यमीहरुले तपसिल बमोजिमका सर्तहरु पालन गरी यो सूचना प्रकाशन भएको मितिले ३० दिन (२०७९/११/१३) भित्र यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, रूपन्देहीमा प्रस्ताव पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ। प्रस्तावपत्रका साथ पेश गर्नु पर्ने कागजातको विवरण, निवेदनको ढाँचा तथा संक्षिप्त कार्ययोजना कार्यालयको वेभसाईटः http://rupandehi.vethos.gov.npबाट प्राप्त गर्न सक्नु हुनेछ।

**तपसिलः**

१) अनुदानग्राहीको छनौट मापदण्ड

| क्र सं | बालि/वस्तुको नाम | प्रस्तावकको किसिम | अनुदान दिने आधारहरु | प्रमाणीत गर्ने आधारहरु | प्रोत्साहन रकम रु. |
|---|---|---|---|---|---|
| १ | माछा/मासु/अण्डा (खसी/बोका/ भेडा/बंगुर/रौंगा) | समुह/सहकारी/निजी उद्यमी | • गत आ.व. को उत्पादन गरेको बाखा, भेडा, बगुंर, अण्डा, अण्डा तथा माछाको मासु कारोवारको अभिलेख पेश गर्नु पर्ने। | • पशुपन्छी वा माछापालनको अभिलेख । | प्रति कि.ग्रा. बढीमा |
| | | | • समूह वा सहकारी वा निजी उद्यमीले (जिउंदो) मासु/माछा/अण्डाको उत्पादन रेकर्ड पारदर्शी रूपमा उत्पादक कृषकको नामावली सहित विवरण राखेको हुनु पर्ने। | • सम्बन्धित वडा वा स्थानीय तह वा जिल्ला स्थित पशुपन्छी हेर्ने कार्यालयको निरीक्षण सहितको प्राविधिक प्रतिवेदन, | जिउँदो खसी/बोका/भेडाको हकमा रु. २५ का दरले, |
| | | | • वार्षिक सङ्कलित बिक्री योग्य खसी/बोका/भेंडा/बगुंर/रागां/माछा/अण्डा उत्पादक संस्थाले आफैले पालन गरेको वा सदस्य कृषकहरुबाट खरिद गरेको हुनुपर्ने। | • बिमा गरिएको भए विमालेख। | जिउँदो रांगाको हकमा रु. १५ का दरले, |
| | | | • मासु वा माछा वा /अण्डाको उत्पादन रेकर्ड वडा/स्थानीय तह स्थित पशु सेवा कार्यालयका प्राविधिकले प्रमाणित गरेको हुनु पर्ने। | • आवेदकको खरिद विक्रि अभिलेख। | जिउँदो बगुंरको हकमा रु. १५ का दरले, |
| | | | • पशु बीमा गरेका पशुपालक कृषकहरुलाई प्राथमिकता दिइने। | • थोक बिक्री गर्ने भए सम्झौताको प्रतिलिपि वा बिक्री गरेको पसलको नाम, ठेगाना र सम्पर्क नम्बर सहितको विवरण। | माछाको हकमा रु. १० का दरले, |
| | | | • खसी/बोका/भेंडाको हकमा प्रती समुह वा सहकारीबाट बार्षिक १०० गोटा र निजीको हकमा ५० गोटा, बगुंरको हकमा प्रती समुह वा सहकारीबाट बार्षिक ४० गोटा र निजिको हकमा २५ गोटा, रौंगाको हकमा प्रति समुह वा सहकारी वा | • कृषकले व्यवसायीबाट लिएको भुक्तानीको अभिलेख। | अण्डाको हकमा रु २५० प्रति हजार गोटाका दरले |

सम्पर्क नं.: ०७१ ५७६५०६
ईमेल: vethosrupandehi@gmail.com
Website: rupandehi.vethos.gov.np

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

**रुपन्देही**

| | | | | | |
|---|---|---|---|---|---|
| | | | निजीबाट बार्षिक २० गोटा कारोवार गरेको हुनुपर्ने। | | |
| | | | • माछाको हकमा सहकारीले कम्तीमा १० टन र निजीले २ टन वार्षिक कारोवार गरेको हुनुपर्ने। | • संस्थागतको हकमा कृषकको खातामा भुक्तानी गरेको अभिलेख।<br>• स्थायी लेखा नं.<br>• संस्था वा कम्पनीको हकमा करचुक्ता प्रमाण।<br>• कारोबार खुल्ने बार्षिक लेखा परीक्षण प्रतिवेदन।<br>• आवेदकको बैक खाता नं.। | |
| २ | दुध उत्पादन | समूह/सहकारी/ कम्पनी/निजि डेरी/निजी उद्यमी | • गत आ.व. को श्रावण महिना देखि असार मसान्त सम्म गरेको दुधको कारोवारको अभिलेख पेश गर्नु पर्ने। | • आवेदकको नागरिकताको प्रतिलिपि | बढीमा प्रति लिटर रु. २/- |
| | | | • समूह वा सहकारी वा कम्पनी वा निजी डेरी वा निजी उद्यमीले संस्थागत रुपमा खरिद बिक्री गरेको हुनुपर्ने। | • सहकारी वा कम्पनीले संस्थागत अभिलेख | |
| | | | • समूह वा सहकारी वा फर्म वा कम्पनी वा निजी डेरी वा निजी उद्यमीले दुधको उत्पादन रेकर्ड पारदर्शी रूपमा उत्पादको कृषकको नामावली सहित विवरण राखेको हुनु पर्ने। | • जिल्ला स्थित विषयगत कार्यालय वा सम्बन्धित स्थानीय तहको निरीक्षण सहितको प्राविधिक प्रतिवेदन, | |
| | | | • दुधको उत्पादन रेकर्ड वडा/स्थानीय तह स्थित पशुपन्छी हेर्ने कार्यालयका प्राविधिकले प्रमाणित गरेको हुनु पर्ने। | • सहकारीले आंफै बिक्री वितरण गर्ने भए बिक्री अभिलेख र थोक बिक्री गर्ने भए सम्झौताको प्रतिलिपि वा बिक्री गरेको पसलको नाम, ठेगाना र सम्पर्क नम्बर सहितको विवरण, | |
| | | | • पशु बिमा गरेका पशुपालक कृषकहरुलाई प्राथमिकता दिइने। | • कृषकले व्यवसायीबाट लिएको भुक्तानीको अभिलेख, | |
| | | | • प्रति समूह/सहकारी/कम्पनीले तराईमा मासिक औषत कम्तिमा ७००० लिटर उत्पादन तथा बिक्री गरेको हुनु पर्नेछ। | • सहकारी वा संस्थागत रुपमा कृषकको रकम खातामा भुक्तानी गरेको अभिलेख। | |
| | | | • निजी डेरी वा निजी उद्यमीले मासिक औषत कम्तीमा २५०० लि. उत्पादन तथा बिक्री गरेको हुनु पर्नेछ। | • स्थायी लेखा नं., करचुक्ता कागजात।<br>• दुधको कारोबार खुल्ने बार्षिक लेखा परीक्षण प्रतिवेदन र<br>• आवेदकको बैक खाता नं.। | |

लुम्बिनी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

सम्पर्क नं.: ०७१ ५७६५०६
ईमेलः vethosrupandehi@gmail.com
Website: rupandehi.vethos.gov.np

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

रुपन्देही

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | मत्स्य ह्याचरी वा नर्सरी | मत्स्य ह्याचरीकर्ता वा नर्सरीकर्ता | • सम्पूर्ण पूर्वाधार व्यवस्थित भई ह्याचरी वा नर्सरी पूर्ण रुपमा सञ्चालनमा रहेको हुनुपर्ने, | • व्यावसायिक योजना, | • ह्याचलिङ्ग रु ३०० प्रति लाख |
| | | | • न्यूनतम १ हेक्टर जलाशयमा नर्सरी तथा रेयरिङ्ग पोखरीको व्यवस्था हुनुपर्ने, | • सम्बन्धित स्थानीय तह वा विज्ञ केन्द्रको स्थलगत निरीक्षण सहितको प्राविधिक प्रतिवेदन र सिफारिस, | • फ्राइ रु २००० प्रति लाख |
| | | | • ह्याचरी वा नर्सरीकर्ता आफैले मत्स्य बीज बेचविखनको प्रबन्ध गर्नुपर्ने, | • बिक्री वितरणको अभिलेख, कारोवारको तथा आम्दानी खर्च देखिने कागजातहरु | • फिङ्गरलिङ्ग रु ५००० प्रति लाख |
| | | | • मत्स्य बीज कारोवारको बिल बीजक जारी गरी अभिलेख राख्नु पर्ने, फार्ममा जैविक सुरक्षा विधि अवलम्वन गरेको हुनुपर्ने, | • स्थायी लेखा नं. | • एडाभान्स फिङ्गरलिङ्ग रु १०००० प्रति लाख |
| | | | • स्वस्थ, परिपक्व २ केजी भन्दा माथिको माउ प्रजननमा प्रयोग गर्नुपर्ने, | • संस्था वा कम्पनीको हकमा करचुक्ता प्रमाण। | • इएरलिङ्ग रु १ प्रति गोटा। |
| | | | • उत्पादित मत्स्य बीजलाई उचित आहाराको व्यवस्था गर्नुको साथै रोग तथा परजिवी विहिन हुनुपर्ने। | • कारोबार खुल्ने बार्षिक लेखा परीक्षण प्रतिवेदन। | |
| | | | | • आवेदकको बैंक खाता नं.। | |

**२) जम्मा कार्यक्रम बजेट रु. १९९३४०००।००**

**३) संलग्न गर्नु पर्ने कागजातहरु**

- संस्था दर्ता, कर चुक्ता र नविकरण प्रमाणपत्र
- आ.व. ०७८/७९को विक्री वितरणको परिमाण खुलेको लेखा परिक्षण प्रतिवेदन
- अनुसूची-३५ अनुसार निवेदन तथा अनुसूची-३७ अनुसारको कार्ययोजना
- स्थानिय तहको सिफारिस
- कार्यक्रम संचालन भएको स्थलको फोटोहरु
- समुह/सहकारी/कम्पनीको हकमा आ.व. ०७८/७९को बार्षिक साधारण सभाको प्रतिवेदन
- कार्यक्रममा सहभागी हुने संस्था/कम्पनीको निर्णय प्रतिलिपी
- संस्थामा आवद्ध कृषकहरु/निजी उद्यमीहरुको परिमाण (दुध/मासु/माछा/अण्डा) खुलेको बार्षिक विवरण
- पशु विमाका काजगातहरु

*__पुनश्चः__* यस सूचनामा छुट भएका बुँदाहरु **"कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधि, २०७९"** बमोजिम हुनेछ साथै तोकिएको मापदण्ड पुरा भएका प्रस्तावहरु बढी छनौट भई कार्यक्रम बजेट नपुग भएमा प्रोत्साहन रकम दामाशाहीले वितरण गरिनेछ। थप जानकारीको लागि यस केन्द्रको फोन नं. ०७१-५७६५०६मा सम्पर्क गर्नु हुन अनुरोध छ।

१०/१३

दिपक भुसाल
प्रमुख (अधिकृतस्तर नवौं)